त्रिभुवन विश्वविद्यालय

# कृषि र पशु विज्ञान अध्ययन संस्थान

## डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

सम्पर्क कार्यालय
पोष्ट वक्स नं. ९८४, कीर्तिपुर, काठमाण्डौ, नेपाल

प.सं. च.नं.: १०६६।०६७

मिति: २०६७।०५।१५

**कृषि स्नातक (B.Sc.Ag.) र पशु चिकित्सा स्नातक (B.V.Sc. & A.H.) तहमा विद्यार्थी भर्ना सम्वन्धि संशोधित सूचना**

शैक्षिक वर्ष २०६६/०६७ का लागि यस अध्ययन संस्थान अन्तर्गत रामपुर, पक्लिहवा र लमजुङ्ग क्याम्पसहरुमा सञ्चालन हुने कृषि स्नातक (B.Sc.Ag.) र रामपुर क्याम्पसमा सञ्चालन हुने पशु चिकित्सा स्नातक (B.V.Sc. & A.H.) तहको शैक्षिक कार्यक्रममा अध्ययन गर्न चाहने न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको भर्नाको लागि मिति २०६७/४/२० मा प्रकाशन भएको कार्यक्रमलाई मिति २०६७/५/१४ को निर्णय अनुसार संशोधन गरी निम्नानुसार मिति निर्धारण गरिएको व्यहोरा सम्वन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

१. आवेदन फाराम वितरण गरिने मिति र स्थान: मिति २०६७ श्रावण १६ गतेदेखि २०६७ असोज १ गते कार्यालय समयभित्र डीनको कार्यालय, रामपुर; सम्पर्क कार्यालय, कीर्तिपुर: पक्लिहवा क्याम्पस, पक्लिहवा र लमजुङ्ग क्याम्पस, लमजुङ्गबाट वितरण गरिनेछ ।

२. आवेदन फाराम बुझाउने मिति: २०६७ श्रावण १६ गतेदेखि २०६७ असोज १ गते कार्यालय समयभित्र डीनको कार्यालय, रामपुर, चितवनमा बुझाउनु पर्नेछ ।

३. प्रवेश परीक्षा हुने मिति र स्थान: (क) **वि.भि.एस्सी. एण्ड ए.एच.**- २०६७ असोज ८ गते दिनको ३:०० बजे र (ख) **वि.एस्सी. (कृषि)**- २०६७ असोज ९ गते विहान ११:०० बजे डीनको कार्यालय, रामपुर, चितवनमा सञ्चालन हुनेछ ।

४. भर्ना सम्वन्धि तालिका:

**वि.भि.एस्सी. एण्ड ए.एच.**

(क) भर्नाको लागि २०६७ असोज १० गते प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले २०६७ असोज ११ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ख) स्थान खाली रहन आएमा २०६७ असोज १२ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०६७ असोज १३ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ग) स्थान खाली रहन आएमा २०६७ असोज १४ गते तेश्रो तथा अन्तिम नामावली प्रकाशित गरिनेछ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०६७ असोज १५ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

**वि.एस्सी. (कृषि)**

(क) भर्नाको लागि २०६७ कार्तिक ७ गते प्रथम नामावली प्रकाशित गरिनेछ । प्रथम नामावलीमा परेका विद्यार्थीहरुले २०६७ कार्तिक ८ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ख) स्थान खाली रहन आएमा २०६७ कात्तिक ९ गते दोश्रो नामावली प्रकाशित गरिनेछ र दोश्रो नामावलीमा परेका विद्यार्थीहरुले २०६७ कात्तिक १० गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

(ग) स्थान खाली रहन आएमा २०६७ कात्तिक ११ गते तेश्रो तथा अन्तिम नामावली प्रकाशित गरिनेछ । तेश्रो तथा अन्तिम नामावलीमा परेका विद्यार्थीहरुले २०६७ कात्तिक १२ गते कार्यालय समयसम्ममा भर्ना भैसक्नु पर्नेछ ।

५. अध्ययन संस्थान विकाश शुल्क (Institutional Development Fee) तिर्ने गरी पढ्न चाहने आवेदकहरुको लागि केही सिट छुट्याईएको छ । उक्त रकम तिरी अध्ययन गर्न चाहने भेटनरी तर्फका विद्यार्थीहरुले २०६७ असोज १५ गतेसम्म र कृषि तर्फका विद्यार्थीहरुले २०६७ कात्तिक १२ गतेसम्म कार्यालय समयसम्ममा नियमानुसार निवेदन दिइसक्नु पर्नेछ । साथै उक्त कोटामा आवेदकहरुको संख्या निर्धारित कोटा भन्दा बढी भएमा योग्यता क्रमको आधारमा भर्ना लिईने छ ।

६. अपाङ्ग, दलित, जनजाती, मधेशी, शहीद, द्वन्द्वपिडित परिवार र स्टाफ कोटामा भर्नाहुन ईच्छुक प्रवेश परीक्षा उत्तीर्ण हुने भेटनरी तर्फका विद्यार्थीहरुले २०६७ असोज १३ गते र कृषि तर्फका विद्यार्थीहरुले २०६७ कात्तिक १० गते कार्यालय समय सम्ममा सम्वन्धित निकायको प्रमाण सहित नियमानुसार निवेदन दिइसक्नु पर्नेछ । एस.एल.सी. उत्तिर्ण गरेको जिल्ला र स्थायी बसोबास गरेको जिल्ला एउटै क्षेत्रमा पर्ने विद्यार्थीहरुलाई क्षेत्रिय कोटा अन्तर्गतको मानिने छ र त्यस्ता विद्यार्थीहरु मध्ये सामुदायिक विद्यालय (सरकारी स्तरमा सञ्चालित) बाट एस.एल.सी. उत्तिर्ण गरी आउने विद्यार्थीहरुलाई पहिलो प्राथमिकता दिई निर्धारित संख्यामा क्षेत्रिय कोटामा भर्ना लिईनेछ ।

७. दुवै शैक्षिक कार्यक्रमहरुको कक्षा २०६७ मंसिर १ गतेदेखि सञ्चालन हुनेछ ।

प्रा.डा. सुन्दरमान श्रेष्ठ
डीन